अन्नपूर्ण गाउँपालिका

**स्थानीय राजपत्र**

खण्ड : १० संख्या : ४ मिति : २०८३।०५।०८

**भाग -२**

**अन्नपूर्ण गाउँपालिका**

# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**प्रमाणिकरण मितिः २०८३/०५/०२**

**प्रस्तावनाः**

अन्नपूर्ण गाउँपालिकाको भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकको मागलाई सम्बोधन गरी अन्नपूर्ण गाउँपालिकाको कृषि विकास शाखाबाट सञ्चालन हुने गरी स्वीकृत वार्षिक नीति तथा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ बाट प्रत्याभूति हक अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम अन्नपूर्ण गाउँपालिकाले "कृषि विकासकार्यक्रम सञ्चालन कार्यविधि, २०८३" तयार गरी लागु गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८३" रहेको छ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

(ग) यो कार्यविधि अन्नपूर्ण गाउँपालिका, म्याग्दी भर लागू हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"गाउँपालिका"** भन्नाले अन्नपूर्ण गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) **"कार्यविधि"** भन्नाले अन्नपूर्ण गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८३ लाई सम्झिनु पर्छ।

(ग) **"कृषि एम्बुलेन्स"** भन्नाले अन्नपूर्ण गाउँपालिकाले सञ्चालन गर्ने कृषि उपज ढुवानी गर्ने सवारी साधनलाई सम्झनुपर्छ।

(घ)**"अनुदान"** भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरुको लागि स्थानीय तहबाट उपलब्ध गराइने नगद रकम र जिन्सी सहायता समेतलाई सम्झनु पर्छ।

(ङ) **"अनुदानग्राही/लाभग्राही"** भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम संचालनका लागि छनौट भएका कृषक/ फर्म/ कृषि उद्यमी/कृषक समुह/कृषि सहकारी/ उपभोक्ता समितिलाई सम्झनु पर्छ।

(च) **"कृषक समुह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या आवश्यकता र चाहनाहरु भएकाप्रचलित कानून व्यक्तिहरु प्रचलित कानून बमोजिमको सङ्ख्यामा मिलि आफ्ना साझा उद्देश्यहरु सामूदायिक प्रयत्न द्वारा प्राप्त गर्न बनाईएको संगठनलाई कृषक समूह भन्ने सम्झनु पर्छ।

(छ) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन, २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन, मत्स्य वा दुग्ध उत्पादन/व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्थालाई सम्झनु पर्दछ

(ज) **"फर्म"** भन्नाले कृषि, पशुपालन, मत्स्यपालन वा सोसँग सम्बन्धित व्यवसाय गर्ने उद्देश्यले प्रचलित कानून अनुसार दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(झ) **"कृषि उपज"** भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली,पुष्प,च्याउ, मौरी, रेशम, चिया, कफी, कोसेबाली,तेलहन, दलहन, कृषिका सबै उपक्षेत्रगतउत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँदछ।

(ञ)**"कृषक"** भन्नाले अन्नपूर्ण गाउँपालिका भित्रकाकृषि उत्पादनमा प्रत्क्षय संलग्न भएको व्यक्तीलाईजनाउँदछ।

(ट)**"साझेदारी/लागत साझेदारी/सहकार्य"** भन्नाले कार्यक्रम सञ्चालनार्थ गरिने द्विपक्षीय सम्झौता पत्रमा उल्लेखित दोस्रो पक्ष (अनुदानग्राही) को वित्तीय दायित्वलाई जनाउँछ ।

(ठ) **"कार्यालय"** भन्नाले अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ड)**"शाखा"** भन्नाले अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतको कृषि विकास शाखालाई सम्झनु पर्छ।

(ढ) **"बीमा"** भन्नाले कृषि, पशुपन्छी तथा जडिबुटी बीमालाई सम्झनु पर्छर सो शब्दले मानव स्वास्थ्य बीमा समेतलाई बुझ्नुपर्छ।

(ण) **"अनुगमन समिति"** भन्नाले यस कार्यविधिको दफा ११ मा उल्लेख भएबमोजिमको समिति रहनेछ।

(त)**"सुन्तला बगैंचाको नमूना"** भन्नाले Citrus greening रोगको परीक्षणका लागि शंकास्पद सुन्तला बोटबाट तोकिएको विधि बमोजिम संकलन गरिने नमूना सम्झनुपर्दछ।

(थ)**"Iodine scratch test"** भन्नाले सुन्तला बोटमा रोगको सम्भावित लक्षण पहिचान गर्न स्थलगत रूपमा गरिने प्रारम्भिक परीक्षण सम्झनुपर्दछ।

(द)**"PCR परीक्षण"** भन्नाले Citrus greening रोगको प्रयोगशाला स्तरमा आणविक पहिचानका लागि गरिने परीक्षण सम्झनुपर्दछ।

(ध)**"प्रदेश प्रयोगशाला"** भन्नाले प्रदेश सरकार अन्तर्गत सम्बन्धित रोग परीक्षण तथा निदान गर्ने प्रयोगशाला सम्झनुपर्दछ।

(न)**"माटो परीक्षण शिविर"** भन्नाले कृषकहरूको खेतबारीबाट संकलित माटोको नमूना परीक्षण गरीमाटोमा रहेका खाद्यतत्व, अम्लीयता तथा क्षारीयता, प्राङ्गारिक पदार्थ लगायतका

गुणहरूकोअवस्था पहिचानगर्ने तथा सोका आधारमा माटो व्यवस्थापन र बाली उत्पादनसम्बन्धी आवश्यकप्राविधिक सुझाव प्रदान गर्ने कार्यक्रमलाई सम्झनुपर्दछ।

**३.**<u>**उद्देश्यः**</u> यस कार्यविधिबमोजिम सञ्चालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) तरकारी, फलफूल, मौरीपालन लगायतका कृषि कार्यक्रम, आवश्यक कृषि औजार, कृषि पूर्वाधार निर्माण र कृषि बजार प्रवर्द्धनका लागि आवश्यक प्रविधि तथा वस्तुमा अनुदान प्रदान गरी कृषकलाई प्रोत्साहित गर्ने।

(ख)प्रविधि हस्तान्तरण मार्फत कृषि क्षेत्रलाई व्यवसायिकीकरण गरी कृषकलाई आत्मनिर्भर,उत्पादनमुखी, बजारमुखी र प्रतिस्पर्धी बनाउने।

(ग) कृषि उपजको सरल र सुलभ बजार पहुँच वृद्धि गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने।

(घ) अन्नपूर्ण गाउँपालिकाको गाउँ सभाबाट पारित नीति तथा कार्यक्रम अनुसारका कार्यक्रमसञ्चालन गरी गाउँपालिका भित्रका युवाहरुलाई रोजगारीका अवसर सृजना गर्ने।

(ङ) कृषिजन्यवस्तुमा राष्ट्रिय रुपमा आत्मनिर्भर बनाउन टेवा पुर्याउने।

**४.**<u>**सरोकारवाला निकायहरुको भूमिकाः**</u>

कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछः

**(क**<u>**) स्थानीय तहको भूमिका**</u>

- साझेदारीमा विनियोजित कार्यक्रमको हकमा कार्यक्रम सञ्चालनका लागि सहजीकरण गर्ने,
- कृषि विकास कार्यक्रम सञ्चालनको लागि प्राविधिक आवश्यक परेको खण्डमा प्राविधिक कर्मचारीको व्यवस्थापन गर्ने,
- कार्यक्रमको अनुगमन,पृष्ठपोषणर समस्या समाधान गर्ने,

**(ख)**<u>**कार्यालयको भूमिका**</u>

- स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी मापदण्ड/ सूचकहरुको आधारमा प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गर्ने,
- कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन पश्चात् कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने,
- सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्ने र गराउने,
- प्रचलित कानून बमोजिम खर्च गर्न गराउने, लेखा राख्ने र राख्न लगाउने,

- प्रचलित कानून बमोजिम पालन गर्नुपर्ने अन्य विषय पालन गर्ने र गराउने,
- अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राखु पर्ने,
- कार्यक्रममा दोहोरोपना आउन नदिन र उपलब्ध अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा कार्यालयले नियमित अनुगमन गर्ने।

**(ग)<u>अनुदानग्राहीको भूमिका</u>**

- यस कार्यविधिको अधिनमा रहि कार्यक्रमको कार्यान्वयन गर्ने,
- अनुदानग्राहीले कार्ययोजना अनुसार कार्यसम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहितको निवेदन समयसीमा भित्रै पेश गर्नुपर्ने,
- जुन कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रममा मात्र अनुदान प्रयोग गर्नु पर्ने,
- सम्झौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्ने,
- अनुदानग्राहीका अन्य अधिकार कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुने,
- तोकिएको समयमा कार्य सम्पन्न नभएमा, लागत बृद्धि भएमा वा कुनै हानि नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी सम्बन्धित अनुदानग्राहीहरुलेव्यहोर्नु पर्ने।

**(घ)<u>सम्बन्धित वडा कार्यालयको भूमिका</u>**

- कार्यक्रम प्रभावकारीताका लागि आवश्यक सहजीकरण गर्ने ।
- वडाको सिफारिस आवश्यक पर्ने भए आवश्यक व्यवस्था मिलाउने ।
- कार्यक्रम सम्बन्धी आवेदन वडामा रुजु र कागजातहरु पूर्ण गरी कृषि विकास शाखामा पठाउने व्यवस्था गर्ने ।
- कार्यक्रमहरुको अनुगमन निरीक्षण गर्ने र गराउने।

## परिच्छेद २
## <u>सञ्चालन गरिने कार्यक्रमहरु</u>

**५<u>. कृषि विकासका कार्यक्रमको विवरण:</u>** स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही कृषि विकास कार्यक्रमहरु देहाय बमोजिमका संलग्न मापदण्ड, सञ्चालन गरिने क्रियाकलापहरु र अनुदान सीमा रकमका आधारमा सञ्चालन गरिनेछ।

देहाय:

| क्र स. | कार्यक्रमको नाम | कार्यक्रम मापदण्ड | अनुदान प्रतिशत |
|---|---|---|---|
| १ | स्थायी तथा अस्थायी प्लास्टिक घर निर्माण सहयोग कार्यक्रम | • कृषि विकास शाखा मार्फत आ. व. २०८३/०८४ को प्रस्ताव पेश गर्न सूचना प्रवाह गरिनेछ।<br>• कार्यालयले सूचना प्रकाशन गरेको समय सिमा भित्र कृषि फर्म/कृषक समुह र कृषि सहकारीले आवश्यक कागजात सहितको निवेदन सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखामा बुझाउनु पर्ने छ।<br>• स्थायी प्लास्टिक घर निर्माणको हकमा न्युनतम ९० वर्ग मिटर र अस्थाई प्लास्टिक घर निर्माणको हकमा न्युनतम ६० वर्ग मिटर को संरचना निर्माण गर्नुपर्नेछ ।<br>• तोकिएको म्यादमा प्राप्त प्रस्तावहरुलाई कृषि विकास शाखाकोस्थलगत अनुगमनबाट उपयुक्त प्रस्तावकलाईआर्थिक विकास समिति मार्फत कार्यपालिकामा पेश गरि बैठकबाट छनौट गरि कार्यान्वयन गरिनेछ।<br>• छनोटमा परेका लाभग्राहीरुले प्राविधिकको लागत इस्टिमेट बमोजिम सम्झौता बमोजिम कार्य सम्पन्न गरी आवश्यक बिल भर्पाइ कृषि विकास शाखामा बुझाई भुक्तानीको लागि पेश गर्नुपर्नेछ।<br>• कृषक/कृषि फर्मको हकमा न्युनतम१ रोपनी रकृषक समुह/सहकारीको हकमा न्युनतम ३ रोपनी क्षेत्रफ़लमा तरकारी खेति गरेको हुनुपर्नेछ। | ५० प्रतिशत |
| २ | फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम | • कृषि विकास शाखाले आ. व. २०८३/८४ को फलफूल बगैंचा सुदृढीकरण कार्यक्रमका लागी प्रस्ताव पेश गर्न सुचना प्रवाह गरिनेछ ।<br>• कार्यालयले सूचना प्रकाशन गरेको समय सिमा भित्र कृषक/ कृषि फर्म / कृषक समुह र कृषि सहकारीले आवश्यक कागजात सहितको निवेदन सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखामा बुझाउनु पर्ने छ।<br>• कृषक/ कृषि फर्मको हकमा न्युनतम २ रोपनी र कृषक समुह/सहकारीको हकमा ५ रोपनी क्षेत्रफ़लमा सुन्तलाजात फलफुलखेती गरेको हनुपर्ने छ।<br>• तोकिएको म्यादमा प्राप्त प्रस्तावहरुलाई कृषि विकास शाखाले संकलन गरि आर्थिक विकास समिति मार्फत कार्यपालिकामा पेश गरि बैठकबाट छनौट | ५० प्रतिशत |

<table>
<tr><td></td><td></td><td>गरि सूचना मार्फत जानकारीदिईनेछ।<br>• कृषक/कृषि फर्म/कृषक समूह/सहकारीहरुलाई कुल लागतको ५० प्रतिशत अनुदानमा बगैंचा सुदृढीकरण गर्न आवश्यक कपरपेस्ट ,सुन्तला ढुवानी क्यारेट, भर्याङ्ग, स्प्रयेर आदि वितरण गरिनेछ ।<br>• सुन्तलाजात फलफुल खेती प्रविधि सम्बन्धी अभिमूखिकरण/तालिम कार्यक्रम वडाहरुमा स्थलगत रुपमा निशुल्क संचालन गरिनेछ।<br>• खरिद प्रक्रिया प्रचलित कानुन बमोजिम गरिनेछ ।</td><td></td></tr>
<tr><td>३</td><td>कृषकको माग र आवश्यकतामा आधारित यान्त्रिकरण सहयोग कार्यक्रम</td><td>• कृषि विकास शाखाले कार्यक्रम संचालनको लागी आवश्यक यन्त्र उपकरण(मिनिटिलर,पावर विडर,कम्बाईन मिल, थ्रेसर) का लागी प्रस्ताव पेश गर्न सूचना प्रवाह गरिनेछ ।<br>• कार्यालयले सूचना प्रकाशन गरेको समय सिमा भित्र कृषक/कृषि फर्म/ कृषक समुह र कृषि सहकारीले आवश्यक कागजात सहितको निवेदन सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखामा बुझाउनु पर्नेछ।<br>• तोकिएको म्यादमा प्राप्त प्रस्तावहरुलाई कृषि विकास शाखाले स्थलगत अनुगमनबाट उपयुक्त प्रस्तावलाई आर्थिक विकास समिति मार्फत कार्यपालिकामा पेश गरि बैठकबाट छनौट गरि कार्यान्वयन गर्नेछ।<br>• कृषक/कृषि फर्म/कृषक समूह/सहकारीहरुलाई कुल लागतको ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ।<br>• बिशेष गरी खाद्यन्न, तरकारी,फलफूल, रैथाने खेती गर्ने कृषकहरुलाई प्राथमिकता दिईनेछ ।<br>• कृषि फर्म/ कृषक समूह/सहकारीहरुलाई बढी प्राथमिकता दिईनेछ।<br>• खरिद प्रक्रिया प्रचलित कानुन बमोजिम गरिनेछ ।</td><td>५० प्रतिशत</td></tr>
<tr><td>५</td><td>कृषकहरुको लागी आवश्यकता स्थलगत तालिम(सेवाटेवा) सहित</td><td>• कृषकहरुको माग र भौगोलिक उपयुक्तता बमोजिम १ दिने सेवाटेवा सहितको स्थलगत तालिम सञ्चालन गरिनेछ। (बिशेष गरी अन्नपूर्ण गाउँपालिका भित्रको भौगोलिक क्षेत्रमा हुने बालीहरु<br>जस्तैः फलफुल खेती,तरकारी खेती, च्याउ खेति ,आलु खेती, खाद्यान्न तथा रैथानेबाली खेती सम्बन्धी, जैविक तथा वनस्पतिक मल बनाउने तालिम संचालन गरिनेछ ।<br>• तालिममा कृषकहरुलाई आवश्यक पर्ने सेवाटेवा सामग्री बिउ, बिषादी, सुक्ष्मतत्व, औजार, उपकरण,जैविक मल बनाउनका लागि ड्रम, ई.मएमको झोल आदि सामाग्री प्रचलित कानुन बमोजिम खरिद गरि निशुल्क वितरण गरिनेछ ।</td><td>सबै वडाहरुमा निशुल्क संचालन गरिनेछ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | • प्राविधिकको लागत इष्टिमेट बमोजिम १ दिने तालिम कार्यान्वयन हुनेछ र अन्य विविध खर्चहरु प्रचलितऐन नियम भित्र रही गर्नुपर्नेछ। | |
| ७ | नगदेबाली खेती प्रोत्साहन कार्यक्रम | • कृषि विकास शाखाले कार्यक्रम संचालनको लागी पालिका भित्रका सक्रिय कृषक/कृषकसमूह/कृषिफर्म तथा सहकारीलाईलक्षित गरी प्रस्ताब माग सम्बन्धि सूचना आहवान गरिनेछ।<br>• कृषि विकास शाखाले कार्यक्रम संचालनको लागी कार्यालयले सूचना प्रकाशन गरेको समय सिमा भित्र कृषक/कृषि फर्म/ कृषक समुह र कृषि सहकारीले आवश्यक कागजात सहितको निवेदन सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखामा बुझाउनु पर्नेछ।<br>• तोकिएको म्यादमा प्राप्त प्रस्तावहरुलाई कृषि विकास शाखाले स्थलगत अनुगमनबाट उपयुक्त प्रस्तावलाई आर्थिक विकास समिति मार्फत कार्यपालिकामा पेश गरि बैठकबाट छनौट गरि कार्यान्वयन गर्नेछ।<br>• कृषक/कृषि फर्म/कृषक समूह/सहकारीहरुलाई कुल लागतको ७५ प्रतिशत अनुदानमा कफी र अलैचीको बिरुवाआदि वितरण गरिनेछ।<br>• बिशेष गरी नगदेबाली (कफी,अलैची) खेती गर्ने कृषि फर्म/ कृषक समूह/सहकारीहरुलाई बढी प्राथमिकता दिईनेछ।<br>• खरिद प्रक्रिया प्रचलित कानुन बमोजिम गरिनेछ । | ७५प्रतिशत |
| ८ | पालिका स्तरीय बाली पात्रो निर्माण तथा कृषि प्रसार सामग्री प्रकाशन तथा प्रसारण | • गाउँपालिका अन्तर्गत कृषि क्षेत्रमा मौसमी तथा बेमौसमी रुपमा खेति हुने तरकारी,व्यवसायिक फलफुल र रैथाने बाली खेति सम्बन्धी जानकारीमुलक बाली पात्रो साथैआबश्यकता अनुसार प्रचारप्रसार सामाग्री(जस्तैबुकलेट,पम्प्लेट,पोस्टर आदि)छपाई तथाप्रसारणमाखर्च गर्न सकिनेछ।<br>• गाउँपालिका अन्तर्गत कृषि क्षेत्रमा सफलतापूर्वक व्यवसायिक खेती गरिरहेका कृषकहरूको अनुभव, प्रविधि तथा सफलताको कथा समेटिएकाजानकारीमूलक भिडियो निर्माणगरीप्रसारणगर्न सकिनेछ। | १०० प्रतिशत |

| | | | |
|---|---|---|---|
| ९ | बाली संरक्षण सहायता कार्यक्रम | • अन्नपूर्ण गाउँपालिकामा वर्षेनी आकस्मिक रुपमा देखा पर्ने रोग तथा बालीमा लाग्ने किराहरुको निवारणको लागि कृषि विकास शाखाले जैविक विषादी, वनस्पतिक विषादी, सुक्ष्म तत्व, विभिन्न ल्युर तथा ट्र्याप खरिद गरि कृषकहरुको आवश्यकता अनुसार वितरण गर्नुपर्नेछ। आवश्यकता अनुसार सिमितमात्रामा रासायनिक विषादीखरिद गर्न सकिनेछ ।<br>• आवश्यकता अनुसार विभिन्न वडाहरुमा विषादी सचेतना कार्यक्रम सञ्चालन गर्न सकिनेछ।<br>• खरिद प्रक्रिया प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।<br>• बालीनालीमारोग तथा किराको समस्या देखापरेका कृषकका लागि आवश्यक रासायनिक तथा जैविक विषादी र सुक्ष्म तत्व सतप्रतिशत अनुदानमा निशुल्कवितरण गरिनेछ। | १०० प्रतिशत |
| १० | गाउँपालिका स्तरीय कृषि तथ्याङ्क निरन्तरता कार्यक्रम | • गाउँपालिका कृषि विकास शाखाको ढाँचा बमोजिम सम्पूर्ण वडाहरुमा कृषि तथ्याङ्क संकलन गरिनेछ।<br>• यस आर्थिक वर्षमा विशेषगरी गाउँपालिकाभित्रकोसुन्तला खेतीको क्षेत्रफल, कृषक संख्या, उत्पादन, बगैंचाको अवस्था तथा रोगकीरा सम्बन्धी तथ्याङ्कप्राविधिकमार्फत संकलन गरिनेछ।<br>• कृषि तथ्याङ्कमा खटिइएका प्राविधिकलाई प्रचलित कानुन बमोजिम दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ।<br>• तथ्यांक संकलन फारम छपाई, प्राबिधिक खर्च, इन्धन तथा खाजा आदिमा खर्च गरिनेछ\| | |
| ११ | कृषि तथा पशु स्वास्थ्य शिविर संचालन कार्यक्रम | • कृषि तथा पशु स्वास्थ्य शिविर सञ्चालनका लागि स्थानको प्राथमिकता निर्धारण गरिनेछ।<br>• शाखा तथा सम्बन्धित वडाको समन्वयमा शिविरको मिति, समय र स्थान निर्धारण गरी कृषक, कृषक समूह तथा सहकारीलाई सूचना तथा प्रचारप्रसार गरिनेछ।<br>• शिविरका लागि आवश्यक बाली तथा पशु संरक्षण सामग्रीको व्यवस्थापन कृषि तथा पशु सेवा शाखाले गर्नेछ।<br>• विषय विशेषज्ञका रूपमा सरकारी, अनुसन्धान वा निजी क्षेत्रमा कार्यरत विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। Plant Clinic तालिम प्राप्त तथा बाली रोग विशेषज्ञलाई प्राथमिकता दिइनेछ।<br>• शिविर सञ्चालनका आवश्यक सम्पूर्ण कार्यहरू प्रचलित कानूनबमोजिम | निशुल्क |

| | | | |
|---|---|---|---|
| | | गरिनेछ। <br>• आमन्त्रित विज्ञको दैनिक भ्रमण भत्ता प्रचलित आर्थिक नियमअनुसार गर्नेछ। | |
| १२ | वीउ उत्पादन सहयोग कार्यक्रम (वडा ५) | • कृषि विकास शाखाले कार्यक्रम संचालनको लागी पालिका वडा नं ५ भित्रका सक्रिय कृषक/कृषक समूह/कृषि फर्म तथा सहकारीलाई लक्षित गरी प्रस्ताब माग सम्बन्धि सूचना आहवान गरिनेछ। <br>• कृषि विकास शाखाले कार्यक्रम संचालनको लागी कार्यालयले सूचना प्रकाशन गरेको समय सिमा भित्र कृषक/कृषि फर्म/ कृषक समुह र कृषि सहकारीले आवश्यक कागजात सहितको निवेदन सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखामा बुझाउनु पर्नेछ। <br>• कृषक/कृषि फर्मको हकमा ५ रोपनी र कृषक समुह र कृषि सहकारीको हकमा २० रोपनी क्षेत्रफलमा वीउ उत्पादन गर्नुपर्नेछ। <br>• तोकिएको म्यादमा प्राप्त प्रस्तावहरुलाई कृषि विकास शाखाले स्थलगत अनुगमनबाट उपयुक्त प्रस्तावलाई आर्थिक विकास समिति मार्फत कार्यपालिकामा पेश गरि बैठकबाट छनौट गरि कार्यक्रम कार्यान्वयन गरिनेछ। <br>• छनोटमा परेका लाभग्राहीरुले प्राविधिकको लागत इस्टिमेट बमोजिम आवश्यक बीउ उत्पादन  सामग्रीका लागि ७५% अनुदानमा प्रदान गरिनेछ। <br>• कार्यसम्पन्न पश्चात् आवश्यक बिल भर्पाइ कृषि विकास शाखामा बुझाई भुक्तानीको लागि पेश गर्नुपर्नेछ। | ७५प्रतिशत |

## *मापदण्ड - १*

## सुन्तला बगैंचाको नमूना संकलन, सम्प्रेषण तथा PCR परीक्षण कार्यक्रम

**प्रस्तावना** :- अन्नपूर्ण गाउँपालिका भित्र सुन्तलाजात फलफूलमा Citrus greening (Huanglongbing) रोगको सम्भावित प्रकोप पहिचान तथा रोगको अवस्था बारे जानकारी प्राप्त गर्न रोगका सम्भावित लक्षण देखिएका बगैंचाका कृषकहरू बाट आवेदन संकलन, जनचेतनामूलक पम्प्लेट प्रकाशन, बगैंचा

स्थलगत निरीक्षण तथा Iodine scratch test मार्फत शंकास्पद बोट पहिचान गरी प्रदेश प्रयोगशालाबाट नमूना संकलन तथा PCR परीक्षण गराउने कार्यक्रम कार्यान्वयन गर्न अन्नपूर्ण गाउँपालिका, पोखरेबगरले यो कार्यविधि बनाएकोछ।

**उद्देश्य :-**

- सुन्तला बगैंचामा Citrus greening रोगका शंकास्पद बोट पहिचान गरी PCR परीक्षण मार्फत रोगको अवस्था पत्ता लगाउनु।
- कृषकलाई Citrus greening रोगको पहिचान, रोकथाम तथा व्यवस्थापन सम्बन्धी आवश्यक जानकारी प्रदान गर्नु।

**कार्यक्रम सञ्चालन प्रक्रियाः**

**यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछ।**

- रोगका सम्भावित लक्षण देखिएका सुन्तला बगैंचाका कृषकबाट आवेदन संकलन
- रोग सम्बन्धी जनचेतनामूलक पाम्प्लेट तयार तथा वितरण
- आवेदन प्राप्त भएका बगैंचाहरूको स्थलगत निरीक्षण
- शंकास्पद बोटमा Iodine scratch test सञ्चालन
- शंकास्पद बोटबाट प्रदेश प्रयोगशालाकाप्राविधिकबाटनमूनासंकलन
- नमूनासम्प्रेषणतथा PCR परीक्षण
- शंकास्पदबोटमाIodine scratch test सञ्चालन गर्नका लागि आवश्यक सामग्री खरिद
- नतिजा अभिलेखीकरण तथा कृषकलाई प्राविधिक परामर्श

**कार्यक्रमसञ्चालनविधिः**

क) कृषि विकास शाखाले Citrus greening रोगका सम्भावित लक्षण देखिएका सुन्तला बगैंचाका कृषकहरूबाट आवेदन माग गरी सूचना प्रकाशन गर्नेछ।

ख) रोगका सम्भावित लक्षण, पहिचान, रोकथाम तथा व्यवस्थापन सम्बन्धी पम्पेलेट तयार गरी कृषक तथा सरोकारवालालाई वितरण गरिनेछ।

ग) प्राप्त आवेदनका आधारमा कृषि विकास शाखा तथा सम्बन्धित प्राविधिक बाट सुन्तला बगैंचाको स्थलगत निरीक्षण गरिनेछ।

घ) स्थलगत निरीक्षणका क्रममा शंकास्पद बोटमा Iodine scratch test गरी थप परीक्षण आवश्यक पर्ने बोट पहिचान गरिनेछ।

ङ) Iodine scratch test तथा स्थलगत लक्षणका आधारमा शंकास्पद देखिएका बोटबाट PCR परीक्षणका लागि आवश्यक नमूना प्रदेश प्रयोगशालाका प्राविधिक बाट संकलन गरिनेछ।

च) संकलित नमूनालाई आवश्यक विवरण सहित लेबल तथा अभिलेखीकरण गरी सम्बन्धित प्रयोगशालामा सम्प्रेषण गरिनेछ।

छ) संकलित नमूनाको PCR परीक्षण गरी प्राप्त नतिजा सुरक्षित रूपमा अभिलेखीकरण गरिनेछ।

ज) PCR परीक्षणबाट प्राप्त नतिजाका आधारमा सम्बन्धित कृषकलाई आवश्यक प्राविधिक सुझाव तथा व्यवस्थापन सम्बन्धी जानकारी उपलब्ध गराइनेछ।

**नमूना संकलन तथा सम्प्रेषण सम्बन्धी व्यवस्था**

क) नमूना संकलनको स्थान, बगैँचा, कृषक तथा नमूना सँग सम्बन्धित आवश्यक विवरण अभिलेखमा राखिनेछ।

ख) नमूनामा आवश्यक नमूना संकेत नम्बर / कोड राखी परीक्षणका लागि सम्प्रेषण गरिनेछ।

ग) नमूना संकलन, प्याकेजिङ, संरक्षण तथा सम्प्रेषण प्रदेश प्रयोगशालाले तोकेको प्राविधिक विधि तथा मापदण्ड बमोजिम गरिनेछ।

घ) नमूना संकलन तथा PCR परीक्षणका क्रममा आवश्यक प्राविधिक सहयोग प्रदेश प्रयोगशालासँगको समन्वयमा गरिनेछ।

**अभिलेख तथा प्रतिवेदन**

क) प्राप्त आवेदन, स्थलगत निरीक्षण, Iodine scratch test, नमूना संकलन तथा PCR परीक्षण सम्बन्धी विवरण कृषि विकास शाखाले अभिलेख राख्नेछ।

ख) PCR परीक्षणबाट प्राप्त नतिजाको आधारमा कार्यक्रमको संक्षिप्त प्रतिवेदन तयार गरिनेछ।

ग)प्राप्त विवरणलाई आगामी कृषि योजना तथा रोग व्यवस्थापन सम्बन्धी कार्यक्रम तर्जुमामा आवश्यकता अनुसार उपयोग गर्न सकिनेछ।

**आर्थिक पक्ष**

क) कार्यक्रम सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन, पाम्प्लेट छपाइ, स्थलगत निरीक्षण, नमूना सम्प्रेषण तथा अन्य आवश्यक खर्च स्वीकृत बजेट तथा प्रचलित कानून बमोजिम गरिनेछ।

ख) प्रदेश प्रयोगशाला तथा अन्य सम्बन्धित निकायसँगको समन्वयमा हुने प्राविधिक कार्यका लागि लाग्ने खर्च प्रचलित कानून तथा स्वीकृत बजेट बमोजिम व्यवस्थापन गरिनेछ।

## मापदण्ड-२

## माटो परीक्षण शिविर संचालन तथा अभिमुखीकरण

**प्रस्तावनाः** कृषकहरूको खेतबारीको माटोमा रहेका खाद्यतत्व, अम्लीयता, क्षारीयता तथा प्राङ्गारिकपदार्थको अवस्था पहिचान गरी माटोको उर्वराशक्ति सुधार तथा बालीको आवश्यकता अनुसार खाद्यतत्वव्यवस्थापन गर्नगाउँपालिकाका विभिन्न वडामा अभिमुखीकरण र माटो नमूना संकलन गरी माटो परीक्षणशिविर सञ्चालन गर्न यो कार्यविधि तयार गरिएको हो ।

**उद्देश्य :-**

- माटोको उर्वराशक्ति पहिचान तथा व्यवस्थापन गरी कृषि उत्पादकत्व वृद्धि गर्नु।
- कृषकको सहभागितामा माटो परीक्षण गरी आवश्यक प्राविधिक सुझाव प्रदान गर्नु।

**कार्यक्रम सञ्चालन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत दरहाय बमोजिमका कृयाकलापहरु संचालन गरिनेछ।

१) माटो परिक्षण शिविर सम्बन्धी तालिम/अभिमुखिकरण

२) माटोको नमुना संकलन

३) माटो परीक्षण शिविर संचालन

४) नतिजा अनुसार प्राविधिक सुझाव

**कार्यक्रम संचालन विधि**

क) कृषि विकास शाखाले आ. व. २०८३/०८४ को कार्यक्रमका लागि आवश्यकता अनुसार सम्पूर्ण वडाहरुकालागि सुचना प्रकाशन गरिनेछ।

ख) माटोको नमूना संकलन गर्ने वडाहरुको पहिचान गरी माटोको नमूना संकलन विधि सम्बन्धी अभिमुखिकरणगरिनेछ।

ग) अभिमुखिकरण पश्चात् प्राविधिकको उपस्थितिमा माटोको नमूना संकलन गरिनेछ।

घ) माटो परिक्षण शिविर संचालन प्रादेशिक प्रयोगशाला सँग समन्वय गरी संचालन गरिनेछ।

ङ) शिविरको अलवा अरू बखतमा माटो परिक्षण गर्नका लागि किटबक्स रिएजेन्ट खरिद गर्न सकिनेछ।

**माटो शिविर प्राविधिक मापदण्ड**

क) माटो परिक्षण शिविर संचालन २ दिन

ख) पहिलो दिन माटो परीक्षण

ग) दोस्रो दिन माटो रिपोर्ट तयारी, वितरण तथा सहजिकरण

**आर्थिक पक्षः**

क) प्राविधिक दैनिक भम्रण खर्च भ्रमण खर्च नियामावली, २०६४ अनुसार गरिनेछ।

ख) सामाग्री खरिद प्रक्रिया प्रचलित कानुन बमोजिम गरिनेछ ।

## *मापदण्ड - ३*

## साना व्यवसायी स्थापना तथा बिस्तार कार्यक्रम संचालन सम्बन्धी

**प्रस्तावना :** गाँउपालिकामा भित्रको निर्वाहमुखी कृषकलाई व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि मार्फत साना व्यवसायीक कृषि प्रणाली प्रवर्द्धन गर्न साना व्यवसायी स्थापना तथा बिस्तार कार्यक्रम संचालन गरिनेछ ।

### १.प्राविधिक पक्ष

क.संचालन कार्यक्रमबाट उत्पादन लागत घटाउने, उत्पादकत्व बढाउने र कृषि कार्यमा सहजता ल्याउनेप्रविधिहरु प्रयोग भएको हुनु पर्छ ।

ख. यो कार्यक्रम कृषि संग सम्बन्धीत कृषि फर्म, समूह तथा सहकारी संस्था मार्फत संचालन गर्ने ।

ग. कार्यक्रम संचालनबाट स्थापना हुने व्यवसायीक फर्मको आकार देहाय अनुसार पुग्नु पर्नेछ ।

व्यवसायीक बिस्तार गर्ने फर्मको हकमा देहाय अनुसार बिस्तार गर्नु पर्नेछ ।

१.अदुवा र बेसार खेती :- कम्तीमा १० रोपनी (कृषक समूह तथा सहकारी ) र कृषि फर्मको हकमा कम्तीमा ३ रोपनी जग्गामा व्यवसायिक खेती गर्नु पर्ने ।

२.च्याउ खेति : कन्ये च्याउ खेतीको हकमा न्युनतम २५ वटा डल्ला र सिताके च्याउको हकमा ९० वर्ग मिटर क्षेत्रफ़लमा खेति गर्नु पर्ने |

३.मौरी पालन : न्युनतम ५घार(कृषक समूह तथा सहकारी ) र कृषि फर्मको हकमा कम्तीमा १० घार बाट नियमित मह उत्पादन तथा बजारीकरण गरेको हुनपर्नेछ|

### २.आर्थिक पक्ष

स्वीकृत कार्यक्रमको बजेट परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) व्यावसायिक फर्म स्थापनाका लागि आवश्यक मेशिनरी औजार तथा उपकरण खरिद,

ख) उत्पादनका लागि आवश्यक संरचना निर्माण तथा सिचाई व्यावस्थापन,

ग) उत्पादन कार्यमा बिउ तथा बेर्ना खरिद, सूक्ष्म तत्व तथा जैविक मल खरिद, विषादी, ज्यामी खर्च र अन्य सामाग्री खरिद।

## *मापदण्ड - ४*

## कृषक अध्ययन अवलोकन भ्रमण

**प्रस्तावनाः** कृषक तथा कृषि प्राविधिकहरूलाई आधुनिक तथा व्यावसायिक कृषि र पशुपालन प्रविधिबारे व्यवहारिक ज्ञान तथा अनुभव प्रदान गर्न अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ। सफल कृषि तथा पशुपालन फर्महरूको स्थलगत अवलोकनमार्फत असल अभ्यास, उत्पादन प्रणाली तथा प्रविधिबारे सिकाइ आदानप्रदान गरी कृषकलाई व्यवसायिक, सिर्जनशील तथा प्रविधिमैत्री कृषि पेशातर्फ प्रोत्साहित गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

### उदेश्य

(१) खास गरी अगुवा / व्यवसायिक कृषक मध्ये बाट देखेर सिक्न (Learning by Seeing)चाहने कृषकहरु, कृषि तथा पशु प्राविधिकहरुलाई सरकारी तथा निजीस्तरबाट संचालित ठूला ठूला कृषि तथा पशुपक्षी फर्महरूको वस्तुस्थिति, कार्य प्रणाली र उत्पादन तथा उत्पादकत्व क्षमता आदिहरुको स्थलगत अवलोकन भ्रमण गराउने |

(२) यस्ता भ्रमणबाट सहभागी कृषकहरुले भ्रमणमा देखेका, भए गरेका व्यवसायिक तथा आधुनिक फर्महरुमा अबलम्बन गरिने असल कृषि अभ्यास र पशुपालनमा असल अभ्यास हरुबाट सिक्ने छन् र त्यस्तो सिकाईलाई आफ्नो कृषि व्यवसायमा अपनाउने छन् र त्यस्ता सिप तथा अभ्यासहरु समुदायस्तरमा समेत कृषक बाट कृषकमा विस्तार हुनेछन्|

(३) यसबाट कृषकहरु कृषि तथा पशुपालन पेशाप्रति थप प्रोत्साहित तथा सृजनात्मक हुनेछन्|

### कार्यक्रमको आर्थिक तथा प्राबिधिक मापदण्ड

(१) कार्यक्रम सञ्चालनका लागी स्वीकृत प्रस्तावनानुसार भ्रमण कार्यक्रमका लागी सहभागी छनौट गर्न इच्छुक कृषकहरु मध्ये निम्न मापदण्ड पुगेका कृषकहरुलाई प्राथमिकता दिई छनौट गर्न सकिने छः

- साविकमा निरन्तर कृषि वा पशुपालन पेशामा सक्रिय रही उल्लेख्य परिमाणमा कृषि उपज उत्पादन वा पशु र पशुजन्य उपज उत्पादन गरी बिक्री वितरण गरिरहेको हुनुपर्ने ।

- यसरी सहभागी छनौट गरी भ्रमण समावेश गर्दा प्रति वडा २जना (कृषि र पशुपालन क्षेत्रबाट १/१जना) लाई समावेशी रुपमा वडाले सिफारिस गर्नेछ|
- सहभागी छनौट गर्दा अगुवा कृषक, निजि फर्म संचालक, समुह वा सहकारीलाई बिशेष प्रथामिकता दिनु पर्नेछ ।

(२) अवलोकन भ्रमणमा जान सक्ने सहभागी र आचारसंहिताः

- वडाबाट छनौट भएका कृषि र पशुपालक कृषकहरु ।
- भ्रमण दलमा भ्रमण सहजीकरणका लागी आर्थिक विकास समिति, कृषि तथा पशु सेवा क्षेत्रका अनुगमन समितिका सदस्यहरु र पालिका भित्रका कार्यरत कृषि तथा पशु सेवा तर्फका प्राविधिक कर्मचारी सहभागी।
- भ्रमणका बखत भ्रमण सहभागि सदस्यले पालना गर्नुपर्ने आचार संहिता र स्वघोषणा तयार गरी भ्रमण पूर्व नै सहभागिलाई जानकारी तथा हस्ताक्षर गराई राख्नुपर्ने छ ।
- सहभागी छनोट आर्थिक बिकास समितिले गर्न सक्ने छ।
- यसका अतिरिक्त सहभागी छनौट गर्दा कार्यक्रम कार्यान्वयन आर्थिक विकास आवश्यक थप प्राबधान समेत तय गर्न सक्नेछ।

**भ्रमणकार्यक्रमको लागी खर्चको मापदण्ड**

- भ्रमणको अवधि ५ देखि अधिकतम ७ दिनको हुनेछ
- भ्रमण सहभागि संख्याको अनुपातमा आवश्यक सिट सङ्ख्या भएको गाडीको कुल भ्रमण प्याकेजको सार्वजनिक गाडी रिजर्भ खर्च प्रचलित बजार दररेट अनुसार पुर्व सम्झौताको आधारमा खर्च गर्न सकिने छ ।
- सहभागिलाई यातायत खर्च बाहेक प्रतिदिन प्रतिसहभागि चियापान तथा खाजा खर्च अधिकतम रु ३००, शैक्षिक सामाग्रि एकमुष्ट अधिकतम रु ६,०००, होटलबास तथा खाना खर्च प्रति सहभागी प्रतिदिन अधिकतम रु १५०० र भ्रमण क्षेत्रमा नियमानुसार लाग्ने प्रवेश वा भ्रमण शुल्क तोकिए बमोजिम खर्च गर्न सकिने छ ।
- भ्रमण स्थानमा सहजिकरण गर्न सहजकर्तालाई अधिकतम रु १,००० वा फर्म कार्यालयले तोके बमोजिमको सहजकर्ता भत्ता प्रदान गर्न सकिने छ ।

## <u>परिच्छेद ३</u>

## <u>कार्यक्रम व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था</u>

**६. लक्षित वर्ग र क्षेत्र :-**

(१) गाउँपालिकाले कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना र आवश्यकताको आधारमा कार्यक्रममा समेटिने कृषक, समुह, समिति, सहकारी, संस्था, फर्म, निजी उद्यमी, व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) कार्यक्रममै स्थान तोकिएको अवस्थामा कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा उपयुक्त स्थानको पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**७. कार्यक्रम सञ्चालन प्रक्रिया :-**

(१) गाउँपालिकाको वार्षिक विनियोजित बजेट अनुसार कृषि सम्बन्धी अनुदान वा प्रोत्साहन प्रदान गरिने कार्यक्रम सञ्चालन गर्नका लागि समय परिस्थिती अनुसार ७ दिन देखि ३५ दिनसम्मको म्याद दिई *अनुसूची-१* बमोजिमको सार्वजनिक सूचना मार्फत प्रस्ताव/कार्ययोजना माग गर्नु पर्नेछ तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने प्रकृतिका र नियमित कृषि विकास कार्यक्रमहरु आवश्यक विधि निर्धारण गरी वा सिधै छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) यस कार्यविधिको *परिच्छेद-२* मा उल्लेखित विभिन्न कार्यक्रमसँग सम्बन्धित मापदण्ड, आधारभूत शर्त पूरा गर्ने इच्छुक आवेदकहरुले कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न सक्नेछन् ।

(३) कार्यक्रममा सहभागी हुन चाहने आवेदकहरुले *अनुसूची-२* बमोजिमको संक्षिप्त कार्ययोजना, *अनुसूची-३* बमोजिमको निवेदन संलग्न राखी निर्धारित समयसीमा भित्र कार्यालयमा वा सम्बन्धित वडा कार्यालयमा प्रस्ताव/कार्ययोजना दर्ता गराउनु पर्नेछ । यसरी पेश हुने कागजातहरु स्पष्ट देखिने साथै प्रष्ट बुझिने हुनुपर्छ र सो कुराको विशेष ध्यान सम्बन्धित दर्ता हुने कार्यालय वा वडा कार्यालयको हुनेछ ।

(४) निर्धारित समय सीमा भित्र पेश हुन नआएका प्रस्ताव/कार्ययोजना/आवेदन स्वतः रुपमा खारेज हुनेछ। साथै स्पष्ट नदेखिने र प्रष्ट नबुझिने कागजातहरु पेश भएमा कार्यालयले त्यस्ता प्रस्ताव/ कार्ययोजना/ आवेदन दर्ता गर्न बाध्य हुने छैन ।

(५) छनौट तथा मूल्याङ्कन गर्नुपर्ने प्रस्ताव/कार्ययोजनाको हकमा प्राप्त प्रस्ताव/कार्ययोजनाहरु कार्यालय वा शाखाले सङ्कलन गरी आर्थिक विकास समिति समक्ष अध्ययनका लागि पेश गर्नुपर्नेछ ।

(६) आर्थिक विकास समितिले प्रस्तावहरु अध्ययन गरी सूचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत अनुगमन तथा मूल्याङ्कनको लागि छनौट गरी दफा ११ बमोजिमका सुपरिवेक्षण तथा अनुगमन समितिलाई स्थलगत अनुगमनका लागि सिफारिस गर्नुपर्नेछ ।

(७) सुपरिवेक्षण तथा अनुगमन समितिले प्रस्ताव/कार्ययोजना छनौट पूर्व स्थलगत अनुगमन गर्नुपर्ने, *सोही* बमोजिमको मूल्याङ्कन र प्राथमिकिकरण गरी स्वीकृत तथा छनौटका लागि गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(८) स्वीकृत वा छनौट भएका प्रस्तावहरुका आवेदकहरुसँग कार्यालयले *अनुसूची-४* बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यादेश दिई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(९) माथि अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वा छनौट भई सके पश्चात जुनसुकै माध्यमबाट त्यस्ता प्रस्ताव वा आवेदनहरु कार्यक्रममा समावेश हुन अयोग्य भएको सूचना प्राप्त भएमा पुनः सुपरिवेक्षण तथा अनुगमन समितिले स्थलगत अनुगमन र सही सत्यतथ्य जाँचबुझ गरी छनौट लिष्टबाट हटाउनु पर्ने भएमा निर्णयका लागि पुनः कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न सक्नेछन्।

## ८. प्रदान गरिने सहुलियत र अनुदान :-

(१) कृषि क्षेत्र तर्फ बिनियोजित बजेटबाट यस कार्यविधिको *परिच्छेद-२* मा उल्लेखित विभिन्न कार्यक्रमको उद्देश्य, लक्ष्य, प्रमुख क्रियाकलाप, न्यूनतम मापदण्ड र अन्य प्राविधिक पक्ष समेटिएका तथा स्थान विशेषको आवश्यकता बमोजिमका कृषि विकास सम्बन्धी कार्य सञ्चालन गर्दा कार्यालयले अनुदान उपलब्ध गराउन सक्नेछ। कार्यक्रमको प्रकृति अनुसार यसरी प्रदान गरिने अनुदान नगद, वस्तु वा दुवै प्रकृतिको हुन सक्नेछ।

(२) कार्यालयले प्रचलित सङ्घीय, प्रादेशिक र स्थानीय कानूनहरुको पालना गरी कार्यक्रम सञ्चालन एवम् विनियोजित बजेटको खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-४

## सामाग्री खरिद

**९. सामाग्री खरिद प्रक्रिया** :- वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनको लागि स्वीकृत बजेटको परिधि भित्र रहि गाउँपालिकाले वा शाखाले" सार्वजनिक खरिद ऐन २०६३" र "अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६" बमोजिम आवश्यक सामाग्रीहरु खरिद गर्नुपर्नेछ।

## परिच्छेद-५

## भुक्तानी प्रक्रिया

**१०. भुक्तानी प्रक्रिया :-**

(१) कृषि कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

(२) कार्यक्रम सम्पन्न भएपछि कार्यालयले देहाय बमोजिमको प्रक्रिया पूरा गरेपछि मात्र अनुदान रकम भुक्तानी गर्नेछ;

- सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको बिल भरपाईको सक्कलै कागजात सहित समयावधि भित्र पेश गर्नुपर्नेछ।
- सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्न पर्नेछ।
- सम्बन्धित अनुदानग्राहीले संचालन गरेका व्यवसायको उत्पादन, बजारीकरण तथा आम्दानी सहितको प्रगति प्रतिवेदन पेश गर्न पर्नेछ।
- सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समावेश गर्नु पर्नेछ।
- सार्वजनिक सुनुवाई गरेको माईन्यूटको प्रतिलिपी संलग्न हुनुपर्नेछ (समुह/ सहकारीको हकमा मात्र)।
- कुल लागतमा ३ लाख अनुदानसम्म वा सो भन्दा बढीको कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरी होर्डिङ बोर्ड राखेको हुनुपर्नेछ।

(३) कार्यक्रम रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिमको कर कट्टि गरिनेछ।

## परिच्छेद-६

## कार्यक्रम सुपरिवेक्षण तथा अनुगमन सम्बन्धि व्यवस्था

**११. सुपरिवेक्षण तथा अनुगमन समिति :-**

(१)    यस गाउँपालिकाको कृषि विकास शाखाबाट सञ्चालन गरिने कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमनका लागि देहाय बमोजिमको सुपरिवेक्षण तथा अनुगमन समिति रहनेछ।

- गाउँपालिका उपाध्यक्ष :- संयोजक
- आर्थिक विकास समितिका संयोजक :- पदेन सदस्य
- लेखा समिति संयोजक :- सदस्य
- सम्बन्धित वडाको वडा अध्यक्ष :- सदस्य
- सम्बन्धित शाखा प्रमुख :- सदस्य सचिव

(२)    उपदफा (१) बमोजिमका सुपरिवेक्षण तथा अनुगमन समितिले स्थलगत अनुगमन पश्चात कार्यक्रम/योजनाको अवस्था बारेको अनुगमन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३)    सुपरिवेक्षण तथा अनुगमन प्रतिवेदन ढाँचा

<u>सुपरिवेक्षण तथा अनुगमन प्रतिवेदन</u>

अनुगमन मिति :-

(१) कार्यक्रमको नाम :-
(२) कृषक/कृषि फर्म/ कृषक समूह/ सहकारीको नामः-
(३) ठेगाना :-
(४) सम्पर्क नम्बर :-
(५) कार्यक्रमको कुल लागत
(६) कार्यालयको लागत
(७) सहभागीको लागत
(८) कार्यक्रमको उदेश्य
(९) प्राविधिक सुझावहरु
(१०) कार्यक्रम संचालन क्रियाकलापहरु इष्टिमेट बमोजिम सम्पन्न भएको, नभएको
(११) लक्षित कार्यक्रमको प्रगतिको अवस्था
(१२) अनुगमनमा देखिएका समस्या र चुनौतीहरु
(१३) अनुगमनमा देखिएका समस्या र चुनौतीहरुलाई समाधान गर्नुपर्ने कार्यहरु
(१४) संचालन कार्यको विवरणहरु
(१५) संचालन भएको क्रियाकलापहरु फोटो

अनुगमन गर्ने पदाधिकारीहरुको नाम र हस्ताक्षर

(१) ...................... संयोजक

(२) ....................... सदस्य

(३) .......................सदस्य

(४) .......................सदस्य

(५) .......................सदस्य सचिव

(६) .......................अन्य

(७) ....................... अन्य

**१२.बीमा प्रचारप्रसार :-**

(१) बीमा नगरेको अवस्थामा पुग्न जाने क्षतिका लागि अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ र त्यस्तो अवस्थामा गा.पा.बाट कुनै किसिमको क्षतिपूर्ति उपलब्ध हुनेछैन ।

(२) वडाका कृषि प्राविधिकहरुले पनि यस गा.पा. भित्रका कृषि बीमा सम्बन्धी प्रचार-प्रसार र सहजीकरण गरीकृषकहरुलाई बीमा गर्न प्रोत्साहित गर्नु पर्नेछ ।

(३) नेपाल सरकारले बीमा प्रिमियममा ८० प्रतिशत अनुदान उपलब्ध गराउने भएको हुँदा यस पालिका क्षेत्रभरीका कृषकहरुलाई कृषि बीमा कार्यक्रममा सहभागी हुनका लागि गाउँपालिकाले बीमा कम्पनीहरुलाई समन्वय तथा आवश्यक सहजीकरण गर्न सक्नेछ साथै कृषकहरुलाई पनि बीमा गर्नमा आवश्यक सहजीकरण गर्न सक्नेछ ।

**१३. अन्य निकाय सँग समन्वय गर्न सक्ने :-**

(१) यस पालिकामा उत्पादित कृषि तथा कृषिजन्य बस्तु उत्पादनको उचित बजारीकरणका लागि आवश्यक परेमा गाउँपालिकाले अन्य पालिका वा निकाय सँग समन्वय गरि यहाँका उत्पादनलाई खपत हुन सहयोग गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम समन्वयका लागि शुरुमा कति मात्रामा ? कुन सामान वा वस्तु ? बजारीकरणको आवश्यकता छ सो को बढी भन्दा बढी आवेदन गाउँपालिकामा कृषकहरुबाट पेश भएमा सोही आवेदनका आधारमा गाउँपालिकाले पत्राचार गरि वा अन्य सहज माध्यमले समन्वय गरी वा सम्झौता गरी कृषकहरुको कृषिजन्य उत्पादनको उचित बजारीकरणका लागि आवश्यक पहल गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमका प्रयोजनका लागि आवश्यक परेमा गाउँपालिका द्धारा संचालित कृषि एम्बुलेन्सलाईकृषि तथा कृषिजन्य उत्पादन ढुवानी तथा बजारीकरणमा प्रयोग गर्न सकिनेछ ।

(४) गाउँपालिका भित्र उत्पादित कृषि तथा पशुजन्य बस्तुहरुको खपत बढाउन तथा कृषिले उचित मूल्य प्राप्त गर्न गाउँपालिकाले स्थानीय हाटबजार संचालन गर्न सकिने छ ।

**१४. असुल उपर हुने :-**

(१)यस कार्यविधि बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम वा भौतिक सामग्री वा भौतिक संरचना सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको वा अन्यत्र कार्यमा प्रयोग गरेको पाईएमा वा अनुदान रकमको दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(२)उपदफा (१) बमोजिम भएको सूचना जुनसुकै माध्यमबाट प्राप्त भएमा सुपरिवेक्षण तथा अनुगमन समितिले र सम्बन्धित वडाले छानबिन गरी प्रमाणित भएमा असुल उपर गर्न बाधा पर्ने छैनन्।

**१५. दोहोरो सुविधा लिन नपाउने :-**

(१) अनुदानग्राहीले एउटै प्रकृतिको कामको लागि सङ्घ, प्रदेश र स्थानीय तह वा एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्नेछैन तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्नेछैन ।

(२) अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(३)बिगतका दुई आ.व. सम्ममा एउटै प्रकृतिको अनुदान प्राप्त गर्ने व्यक्ति, फर्म, समुह वा सहकारीले त्यस्तो प्रकृतिको अनुदान प्राप्त गर्न योग्य हुने छैन ।

(४) तर क्षमता विस्तार गर्न वा फरक फरक कार्य गर्ने गरी एउटै अनुदानग्राहीलाई अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

**१६.जिम्मेवारी हुने :-**

(१) कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा “सार्वजनिक खरिद ऐन, २०६३” र गाउँपालिकाको “सार्वजनिक खरिद नियमावली, २०७६” तथा गाउँपालिकाको “कार्य संचालन निर्देशिका, २०७९” को पालना गरी वित्तीय अनुशासन कायम गर्ने/गराउने तथा

गुणस्तरीय कार्य सम्पादनको सुनिश्चितता गर्ने जिम्मेवारी सम्बन्धित गाउँपालिका र शाखाको हुनेछ ।

(२) कार्यक्रम सञ्चालनको बेला तथा सम्पन्न पश्चात सो को प्रभावकारिता, उत्पादन वृद्धि र सकारात्मक प्रभावको समय समयमा सुपरिवेक्षण तथा अनुगमन सम्बन्धित शाखाले गर्नुपर्नेछ ।

**१७. बाधा अड्काउ फुकाउः-** यस कार्यविधि बमोजिमकाकार्यक्रम सञ्चालन गर्दा कुनै विषयमा दुविधा वा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरेर बाधा अड्काउ फुकाउ गर्न सक्नेछ र सो निर्णय यसै कार्यविधिको अभिन्न अंग हुनेछ।

**१८. प्रचलित कानुन बमोजिम हुनेः-** यस कार्यविधिमा उल्लेख भए भन्दा बाहेकका कुनै पनि विषय प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

**१९. निर्देशिका संशोधनः-** अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधिलाई संशोधन तथा थपघट गर्न सक्नेछ।

**२०.खारेजीः-**अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि खारेजी गर्न सक्नेछ। अन्नपूर्ण गाउँपालिकाको "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" खारेज गरिएको छ ।

## अनुसूची-१

(*दफा-७* को उपदफा (१) सँग सम्बन्धित)

प्रथम पटक प्रकाशन मिति..............

यस गा.पा.को आ.व. ...... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" बमोजिम देहायका कार्यक्रमहरु सञ्चालन गर्न/सहभागी हुन ईच्छुक कृषक/समुह/सहकारी/फर्म/निजी उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ...... दिन भित्र (मिति ......... गते सम्म) कार्यालय समय भित्र यस कार्यालयमा तथा सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजातहरु सहित प्रस्ताव दर्ता गर्न आह्वान गरिन्छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल :

| क्र. सं. | कार्यक्रमको नाम | संख्या | सञ्चालन गर्न सकिने क्रियाकलाप | न्यूनतम मापदण्ड | कार्यक्रम लागू हुने क्षेत्र | अनुदानको सीमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाईट ...... बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछन् । थप जानकारीका लागि कृषि विकास शाखाको सम्पर्क नं. ........... मा सम्पर्क गर्नु हुन अनुरोध छ।

***नोटः*** *कार्यक्रमको प्रकृति अनुरुप प्रस्ताव आव्हानको सूचनामा कार्यालयले आवश्यक परिमार्जन गर्न सक्नेछ । साथै कार्यक्रमको प्रकृति अनुसार कागजातहरुको विवरण थपघट गर्न सकिनेछ।*

**अनुसूची-२**

(*दफा-७* को उपदफा (३) सँग सम्बन्धित

**संक्षिप्त कार्ययोजना**

कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नाम: जिल्ला:गा पा:

वडा नं:टोल: गाउँ:

फर्म/ कृषक समुहको नाम:सञ्चालक/ अध्यक्षको नाम:

सम्पर्क नं:

**१. व्यवसायको परिचय:**( तपाईंले के कस्तो काम गर्न खोज्नु भएको हो? किन कसरी र कहिले गर्न खोज्नु भएको हो भन्ने कुरा लेखुहोस्।)

- गर्न खोज्नु भएको काम:
- किन गर्ने:
- कसरी गर्ने:
- कहिले गर्ने:

**२. उद्देश्य:** मूख्यता के उद्देश्यका लागि अनुदान लिन चाहानु भएको हो?

क. उत्पादन गर्ने ( )ख. प्रशोधन गर्ने( )ग. बजारिकरण गर्ने( ) घ. अन्य( )

**३. कृषि व्यवसायमा अनुभव:** अनुदान लिन चाहनु भएको विषयमा तपाईंसँग अनुभव छ कि छैन? छ भने कति वर्षको अनुभव छ?

**४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण:**

अन्नपूर्ण गाउँपालिका .......वडा नं .............. गाउँटोल।

सदरमुकामबाट कति टाढा छ?.........कि मि

उक्त स्थानमा हाल लगाईएका प्रमुख बालीहरु:

१. ..........................     २..................................३..................................

सडकको पहुँच:पक्की सडक ()कच्ची सडक (  )मौसमी सडक (  )     नभएको ( )

**५. व्यवसाय संचालनका लागि रहेका पूर्वाधारहरु:**तपाईंले व्यवसाय सञ्चालन गर्न खोज्नु भएको ठाउँमा निम्न सुविधाहरु छन् कि छैनन्? छन् भने कस्ता छन्?  छ ( )     छैन (  )

यदि छ भने सिँचाईको स्रोत: कुलो....../ पोखरी....../बोरिङ......./ अन्य..........

भण्डारण सुविधा छ कि छैन? छ भने कुन प्रकारको छ? ..........................

यन्त्र/ उपकरण: तपाईंले के कस्ता कृषि यन्त्र उपकरणहरुको प्रयोग गर्ने गर्नु भएको छ?

| यन्त्र उपकरणहरुको नाम | संख्या | प्राप्त स्रोत |
|---|---|---|
| क | | |
| ख | | |
| ग | | |

अन्य पूर्वाधार संरचनाहरु के के छन्?(उल्लेख गर्ने)

| पूर्वाधार संरचनाहरु | किसिम | क्षमता |
|---|---|---|
| क | | |
| ख | | |
| ग | | |

**६. तालिम सम्बन्धि विवरण:**तपाईंले अनुदान माग गर्नुभएको विषयमा तालिम लिनु भएको छ कि छैन? छ भने कुन विषयमा कति दिनको र कहिले कसले दिएको हो? प्रतिलिपि सहित राख्नुहोस्।

| क्र स | तालिमको विषय | अवधि | | तालिम दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**७. सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण**

| क स | संचालन गरिने क्रियाकलाप | कुल लागत रु | माग गरेको अनुदान रकम रु | प्रस्तावकको साझेदारी रकम रु | सम्पन्न हुने समयावधि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**८. उत्पादित सामाग्री तथा उत्पादित बाली/ वस्तुको बजार योजना**

| उत्पादन सामाग्रीको किसिम | खरिद गरिने स्थान | उत्पादन हुने बाली/ बस्तुको नाम | विक्री गर्ने स्थान | अनुमानित उत्पादन ( परिमाण के जि) | प्रचलित विक्री मूल्य | आम्दानी रु |
|---|---|---|---|---|---|---|
| बीउ | | | | | | |
| विरुवा | | | | | | |
| मल | | | | | | |
| विषादी | | | | | | |
| औजार/ उपकरण | | | | | | |
| अन्य | | | | | | |

**९. प्रस्तावित योजना संचालन पश्चात विक्री योग्य उत्पादन हुने हुन्छ?**

क. हुन्छ ( )ख. हुँदैन ( ) ग. खेति प्रणालीमा मात्र सुधार हुन्छ ( )

विक्रीयोग्य उत्पादन हुने भए परिमाण :....................

**१०. सञ्चालन हुने कार्यक्रमबाट वातावरणमा नकारात्मक प्रभाव पर्छ ( )/ पर्दैन ( )।**
पर्ने भए प्रभाव न्यूनीकरण गर्न के गर्नुहुन्छ?..............................................................

**११. कार्यक्रमबाट थप हुने रोजगारी श्रृजना:**

- स्वरोजगार कति जना? (आफ्नो घरको मात्र).........................
- स्थायी रोजगारी कति जना?(आफ्नो घर परिवार बाहेक) ..............................
- अस्थायी रोजगारी कति जना?(आफ्नो घर परिवार बाहेक)............................

**१२. व्यवसाय दिगो हुने आधारहरु :**

क.　　　　　　　　　　ख.　　　　　　　　　　　　　　　　　　　　ग.

आवेदकको तर्फबाट सही गर्नेको नाम:

ठेगाना :-

दस्तखत:

पद:

संस्थाको छाप:

सम्पर्क नं:

मिति:

अनुसूची-३

(*दफा-७* को उपदफा (३) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मिति:................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

अन्नपूर्ण गाउँपालिका, पोखरेबगर, म्याग्दी।

**विषय :- प्रस्ताव पेश गरिएको बारे।**

प्रस्तुत विषयका सम्बन्धमा तहाँ कार्यालयको मिति ................ गतेको सूचना अनुसार ........................................... कार्यक्रम सञ्चालन गर्न/कार्यक्रममा सहभागी हुन ईच्छुक भई प्रस्तावित कार्य-योजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रम सञ्चालनमा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

निवेदक

नाम :-

सम्पर्क नं :-

ठेगाना

हस्ताक्षर

**संलग्न कागजातहरुको सूची :-**

(१) अनुसूची-३ बमोजिमको निवेदन ।

(२) अनुसूची-२ अनुरुपको संक्षिप्त कार्ययोजना ।

(३) निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

(४) कृषि फर्म, समुह, सहकारी दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

(५) स्थायी लेखा नम्बर र गत आ.व.को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी ।

(६) सहकारीको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपी ।

(७) वडाको कार्यक्रममा दोहोरो नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सम्बन्धित वडाको सिफारिस पत्र ।

(८) यसै प्रकृतिको कार्यका लागि विगत दुई (२) वर्षमा अनुदान नलिएको स्वघोषणा पत्र

(९) कृषक समुह वा सहकारीको हकमा कार्यक्रम माग वा सञ्चालन गर्ने निर्णयको प्रतिलिपी ।

(१०) कार्यक्रम संचालन गर्नेको हकमा जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी वा अर्काको नाममा रहेको जग्गामा कार्यक्रम सञ्चालन गर्ने भए जग्गा धनीको मञ्जुरीनामा, जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा कम्तिमा ५ बर्ष र फलफुल खेतीको हकमा १५ बर्ष करारनामा ।

*नोट :- कार्यालयले आवश्यकता अनुसार आवश्यक कागजातहरुको सूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।*

अनुसूची-४

(*दफा-७* को उपदफा (८) सँग सम्बन्धित)

**सम्झौता पत्र**

आ.व. ०८३/८४ को लागी अन्नपूर्ण गाउँपालिकाकोकृषि विकास शाखा तर्फको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत .............................. कार्यक्रमको लागी अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/कृषक समूह/ कृषि फर्म/ कृषि सहकारी...........................(यसपछि दोस्रो पक्ष भनिने) बिच मिति ........../........./.........मातपसिलका शर्तहरु परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने गरी यो द्विपक्षीय सम्झौता गरि लियौं/दियौं।

**शर्तहरु :-**

(१) यो द्विपक्षीय सम्झौता,सम्झौता भएको मिति देखि मिति ..................... सम्म लागु हुनेछ।

(२) प्रथम पक्षले यस सम्झौता अनुसारको कार्यक्रम सञ्चालनका लागि कूल लागत रु. ................ मध्ये अनुदान/सामाग्री सहयोग वापत रु ................ (अक्षरेपी ........................................................ रुपैंया मात्र)वा खर्चको अधिकतम ......% दोस्रो पक्षलाई उपलब्ध गराउने रकममा नियमानुसार लाग्ने कर तथा कन्टिन्जेन्सी कट्टा गरी खाता मार्फत भुक्तानी गर्नेछ । कार्यक्रमको बाँकी रकम रु ......... (अक्षरेपी रुपैंया ................................) दोस्रो पक्ष स्वयमले व्यहोर्नु पर्नेछ।

(३) दोस्रो पक्षले प्रस्तावित कार्यक्रम म्याग्दी जिल्ला,अन्नपूर्ण गाउँपालिका, वडा नं....,.............. गाउँटोलमा सञ्चालन गरि सम्पन्न गर्नेछ।

(४) दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको संक्षिप्त कार्ययोजना अनुसारका सम्पूर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ ।

(५) स्वीकृत प्रस्ताव पत्र बमोजिमको डिजाईन स्टिमेट र दरभाउ मेशिनरी उपकरण र आय समानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ।

(६) दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, जिन्सी सामाग्री दाखिला प्रतिवेदन,कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ।

(७) दोस्रो पक्षले नियमानुसार बिल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजातहरु सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरे दोस्रो पक्षको बैंक खाता मार्फत एकमुष्ठ भुक्तानी गरिनेछ । कार्य सम्पन्न भई भुक्तानी भएमा सम्झौता बमोजिमका संरचना/सामाग्रीहरु दोस्रो पक्षलाई स्वत: हस्तान्तरण हुनेछ।

(८) दोस्रो पक्षले स्वीकृत कार्ययोजना अनुसारको सबै प्राविधिक कार्यहरु तथा निर्माण,खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि कार्य गर्नुपर्नेछ। सम्झौता बमोजिम निर्धारित समय भित्र कार्य सम्पन्न नगरेमा प्रथम पक्षले भुक्तानी गर्न वाध्य हुने छैन।

(९) प्रथम पक्षले कुनैपनि बखत सञ्चालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए /नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

(१०) द्विपक्षिय सम्झौता बमोजिमको काम नभई रकम दुरुपयोग हुन सक्ने देखिएमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउनेछ र सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

(११) दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम,ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होर्डिङ बोर्ड राख्नुपर्नेछ ।

(१२) कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन,मर्मत सम्भार व्यवस्थापन,जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवार दोस्रो पक्षको हुनेछ।

(१३) यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै र यसमा उल्लेख नभएका नियमहरु नेपाल सरकारको प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ।

(१४) कार्यक्रम सञ्चालनको दौरान द्विपक्षीय सम्झौतामा कुनै परिमार्जन गर्नु परेमा वा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमतिमा सम्झौता अवधि नसकिँदै गर्न सकिनेछ। त्यसरी परिमार्जन गर्दा कार्यक्रम सञ्चालन स्थान र कार्यालयको रकम परिवर्तन गर्न पाईने छैन ।

| **प्रथम पक्षको तर्फबाट** | | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|---|
| नाम: | | नाम: |
| पद: | | पद: |
| दस्तखत: | | दस्तखत: |
| मिति: | **रोहवर** | मिति: |
| कार्यालयको छाप नाम: | | संस्थाको छाप: |
| पद: | | |
| दस्तखत: | | |

इति सम्बत् २०...... साल ....... महिना ........गते रोज ............. शुभम्।

*नोट :- कार्यालयले गाउँपालिकाको सार्वजनिक खरिद नियमावलीको अधिनमा रही द्वीपक्षीय सम्झौताका बुँदाहरुमा आवश्यक संशोधन गर्न सक्नेछ ।*

अनुसूची-५

(*दफा-७* को उपदफा (३) सँग सम्बन्धित)

**स्वःघोषणा पत्र**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू मिति :

अन्नपूर्ण गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी ।

अन्नपूर्ण गाउँपालिकाको कृषि विकास शाखा तर्फको आ.व. ०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहबाट प्रदान गरिने ................... अनुदानका कार्यक्रम सञ्चालन गर्न/अनुदानपाउन इच्छुक रहेकाले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह वा अन्य निकायबाट प्रदान गरिएको अनुदान मैले/ हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको स्वःघोषणा गर्दछु । साथै यहि प्रकृतिको कार्यक्रमको लागि विगत दुई आ.व. सम्ममा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा यस कार्यालय वा अन्य कुनै सरकारी कार्यालयबाट अनुदान प्राप्त नगरेको पनि स्वःघोषणा गर्दछु । यदि मैले लिएको प्रमाणित भएमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारी को सम्पत्तिबाट नियमानुसार व्यक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

**स्वःघोषणा गर्नेको**

हस्ताक्षर :-

नाम, थर :

ठेगाना :

सम्पर्क नं :

ईमेल :

संस्थाको छाप :

अनुसूची-६

(*दफा-७* को उपदफा (३) सँग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

जिल्लाः- म्याग्दी स्थानीय तह :- अन्नपूर्ण गाउँपालिका वडा नं. :

गाउँटोल :-

आवेदकको नाम, थर;-

फर्म/समुह/समिति/सहकारी को नाम, ठेगानाः-

सम्पर्क नं. :-

## कार्यक्रम प्रस्ताव मूल्यांकन फारम

| क्र.सं. | विवरण(सूचक) | पूर्णाङ्क | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|---|
| १ | **आवश्यक कागजातहरुको संलग्नता** | **१०** | | | |
| १.१ | आवश्यक सम्पूर्ण कागजातहरु भए | | १० | | |
| १.२ | आवश्यक सम्पूर्ण कागजातहरु नभए | | ५ | | |
| २ | **व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना, उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | **३०** | | | |
| २.१ | लागत | ९ | | | |
| २.१.१ | कृषकको प्रस्तावित लागत साझेदारी (७५% वा सो भन्दा बढी भए) | | ९ | | |
| २.१.२ | कृषकको प्रस्तावित लागत साझेदारी (५०% देखि ७५% सम्म भए) | | ६ | | |
| २.१.३ | कृषकको प्रस्तावित लागत साझेदारी (५०% भन्दा कम भए) | | ३ | | |
| २.२ | रोजगारी सृजना | ६ | | | |
| २.२.१ | एकाघर भन्दा बाहिरको कम्तीमा थप दुई वा सो भन्दा बढीलाई रोजगारी दिएको भए | | ६ | | |
| २.२.२ | एकाघर भन्दा बाहिरको कम्तीमा थप एक जनालाई रोजगारी दिएको भए | | ४ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.२.३ | एकाघर भन्दा बाहिर रोजगारी नदिएको भए | | ३ | | |
| २.३ | उत्पादन तथा उत्पादकत्व वृद्धि (बजारीकरण गर्नेको हकमा लागु नहुने) | ५ | | | |
| २.३.१ | हालको उत्पादनमा ४०% वा सो भन्दा बढीले वृद्धि | | ५ | | |
| २.३.२ | हालको उत्पादनमा ४०% भन्दा कमले वृद्धि | | ३ | | |
| २.४ | बजारीकरण | १० | | | |
| २.४.१ | आफ्नो कूल उत्पादन मध्ये उत्पादन गर्नेले ९०% वा सो भन्दा बढी बिक्री गर्ने र प्रशोधन गर्ने तथा बजारीकरण गर्नेले शत प्रतिशत परिमाण बिक्री गर्ने | | १० | | |
| २.४.२ | आफ्नो कूल उत्पादन मध्ये उत्पादन गर्नेले ९०% भन्दा कम बिक्री गर्ने र प्रशोधन गर्ने तथा बजारीकरण गर्नेले शत प्रतिशत भन्दा कम परिमाण बिक्री गर्ने | | ७ | | |
| २.४.३ | आफ्नो उत्पादनको स्थायी बजारीकरण नगरेको वा स्थायी रुपमा बिक्री नभएको | | ४ | | |
| ३ | पूर्वाधार र प्राविधिक उपयुक्तता | १० | | | |
| ३.१ | पूर्वाधार | ५ | | | |
| ३.१.१ | बाटो, सिचाई , बिजुली सुविधा र कृषि क्षेत्रमा राम्रो भएको | | ५ | | |
| ३.१.२ | बाटो, सिचाई , बिजुली सुविधा कुनै १ वा सो भन्दा बढी सुविधा नभएको र राम्रो कृषि क्षेत्र भएको | | ४ | | |
| ३.१.३ | बाटो, पानी, बिजुली सुविधा भएको तर कृषि क्षेत्र वा बालीबस्तुको अवस्था राम्रो नभए | | ३ | | |
| ३.२ | प्राविधिक उपयुक्तता | ५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.२.१ | कृषि वालीवस्तुको लागि उपयुक्त वाताबरण र जैविक विविधतामा असर नभएमा | | ५ | | |
| ३.२.२ | कृषि वालीवस्तुको लागि उपयुक्त वाताबरण नभएको वा जैविक विविधतामा असर गरेमा | | २ | | |
| ४ | आवेदकको अनुभव र तालिम | **१५** | | | |
| ४.१ | सम्बन्धित क्षेत्रको अनुभव | ५ | | | |
| ४.१.१ | २ बर्ष वा सो भन्दा बढी | | ५ | | |
| ४.१.१ | २ बर्ष भन्दा कम | | ३ | | |
| ४.२ | सम्बन्धित क्षेत्र वा बिषयमा तालिम/अध्ययन गरेको | १० | | | |
| ४.२.१ | सम्बन्धित क्षेत्र वा बिषयमा अध्ययन गरेको | | १० | | |
| ४.२.२ | ७ दिन वा सो भन्दा बढी दिनको तालिम/अध्ययन गरेको | | ७ | | |
| ४.२.३ | ३ देखि ५ दिन सम्मको | | ५ | | |
| ४.२.४ | ३ दिन भन्दा कम | | ३ | | |
| ४.२.५ | तालिम नलिएको वा प्रमाण पत्र नभएको | | ० | | |
| ४.२.६ | वैदेशिक रोजगारीबाट फर्किएको | | ५ | | |
| ५ | लाभन्वित घरधुरी | **१०** | | | |
| ५.१.१ | १० वा १० भन्दा बढी | | १० | | |
| ५.१.२ | ५ देखि ९ सम्म | | ७ | | |
| ५.१.३ | ५ भन्दा कम | | ४ | | |
| ६ | आर्थिक अवस्था (विपन्नता) | **५** | | | |
| ६.१ | अति बिपन्न | | ५ | | |
| ६.२ | मध्यम वर्ग | | २ | | |
| ६.३ | अन्य | | १ | | |
| ७ | समावेशी | **५** | | | |
| ७.१ | दलित, महिला, जनजाति, पिछडावर्ग | | ५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.२ | अन्य | | १ | | |
| ८ | अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट कुनै किसिमको अनुदान लिए/नलिएको | १० | | | |
| ८.१ | नलिएको | | १० | | |
| ८.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नका लागि लिएको | | ५ | | |
| ८.३ | प्रस्तावमा उल्लेखित क्रियाकलापको सोही प्रकृतिको क्रियाकलाप गर्नका लागि लिएको | | ० | | |
| ९ | कृषि सँग सम्वन्धित भौतिक संरचना | ५ | | | |
| ९.१ | आफ्नै व्यक्तिगत खर्चमा मात्रै बनाएको भए | | ५ | | |
| ९.२ | अन्य कुनै संघ, संस्था वा कार्यालयको लागत साझेदारीमा बनाएको भए | | २ | | |
| | जम्मा | १०० | | | |